**मिति २०८१/१०/०८ गते मंगलबार, १६९ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।
२. आय व्ययको विवरण सम्बन्धमा।
३. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
४. आगामी आ.व. २०८२/८३को बजेट पूर्वतयारीका लागि नगरकार्यपालिकाका विषयगत समितिका सदस्यहरुलाई जिम्मेवारी तोक्ने सम्बन्धमा।
५. नगर स्थापना दिवस सम्बन्धमा।
६. करार सेवाको म्याद थप सम्बन्धमा।
७. सरसफाई कर्मचारी तथा यान्त्रिक साधन व्यवस्थापन सम्बन्धमा।
८. ठेक्का नलागेका नदीघाटको नदीजन्य वस्तु प्रयोग सम्बन्धमा।
९. मेला संचालन अवधि थप गर्न अनुमति दिने सम्बन्धमा।
१०. ठेक्काको म्याद थप तथा VO1 स्वीकृत सम्बन्धमा।
११. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को पौष महिनासम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,४२,७७,१८,०००।- | ९४,४५,८५,६३३.०९।- | ५३,५६,३५,५२४.६८।- (४१.६%) | १४,१२,१३,३४६।- (१२.३९%) | |

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको योजना तथा कार्यक्रम संचालन कार्यान्वयन र फरफारक कार्यविधि २०७४को दफा ७ बमोजिमको नगर उपप्रमुखज्यूको संयोजकत्वमा पौष महिनासम्म अनुगमन गरिएका ३ वटा योजनाको अनुगमन प्रतिवेदन नगरकार्यपालिका बैठक समक्ष प्रस्तुत गरियो।

**निर्णय नं. ४**

आगामी आ.व. २०८२/८३को बजेट निर्माणको पूर्वतयारीका लागि विषयगत समितिका सदस्यहरुलाई जिम्मेवारी तोक्ने सम्बन्धमा समितिका संयोजकज्यूहरुलाई आफ्नो क्षेत्रानुसार जिम्मेवारी दिने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको ४७औं नगर स्थापना दिवसको उपलक्ष्यमा घोराही उपमहानगरपालिकाबाट सम्मान तथा पुरस्कृत गर्नका लागि विधा अनुसार सिफारिस गर्न सम्बन्धीत महाशाखा/शाखालाई जिम्मा दिने।

**निर्णय नं. ६**

**६.१** घोराही उपमहानगरपालिकाको स्वीकृत दरबन्दीको परिधिभित्र रहेका इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी, नगर प्रहरी, श्रेणी विहीन कर्मचारी (का.स., सवारी चालक) र सरसफाई व्यवस्थापन शाखा अन्तर्गत करार सेवामा कार्यरत सबै श्रेणी विहिन (सवारी चालक, स्वीपर, चौकीदार, माली) कर्मचारीहरुको मिति २०८१ माघ १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने।

**६.२** विगतदेखि यस घोराही उपमहानगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा साविकका गा.वि.स.हरुमा सामाजिक परिचालकको रुपमा नियुक्त भई हालसम्म निरन्तर सेवामा रहनुभएका अप्राविधिक तर्फका कर्मचारीहरुको हकमा दैनिक ज्यालादारीमा कामकाज लगाउने गरी निरन्तरता दिने।

**६.३** विगतदेखि यस उपमहानगरपालिकाका वर्थिङ सेन्टरमा कार्यरत अ.न.मी. तथा अन्य स्वास्थ्य संस्थाहरुमा ल्याब असिस्टेन्ट पदमा कार्यरत कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा खटाउने कार्यलाई निरन्तरता दिने।

**६.४** घोराही उपमहानगरपालिकाको चाक्लीघाट गौशालामा कार्यरत गाई हेरालु ३ जना र वडा नं. १६ स्थित ल्याण्डफिल्ड साइटमा चौकीदार पदमा कार्यरत १ जना गरी जम्मा ४ जना कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने कार्यलाई निरन्तरता दिने।

**६.५** यसरी स्वीकृत दरबन्दीमा करार तथा दैनिक ज्यालादारीमा कार्यरत प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुको कामकाजलाई लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भएमा स्वतः करार तथा ज्यालादारीबाट हटनेगरी करार अवधी थप गर्ने निर्णय गरियो।

**६.६** लैङ्गिक हिंसा प्रभावितको लागि अल्पकालिन महिला सेवा केन्द्र (सेभ हाउस)मा कार्यरत १ जना व्यवस्थापक(सहायक चौथो) कर्मचारीको करारसेवा अवधि २०८२ असार मसान्तसम्म थप गर्ने।

६.७ घोराही उपमहानगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत स्वयंसेवक शिक्षकहरुको करारसेवा यही मिति २०८१ पौष मसान्तमा समाप्त भएकोले उहाँहरुको करार सेवा २०८२ साल असार मसान्तसम्म ६ महिना म्याद थप गर्ने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाबाट फोहर व्यवस्थापनका लागि निजि संस्था सगरमाथा मल्टी सर्भिसेज/देव सरसफाई सेवा प्रा.लि.सँग सम्झौता भई यही मिति २०८१ माघ १० गतेदेखि फोहर व्यवस्थापनको कार्य प्रारम्भ गर्ने भएको हुँदा सरसफाई व्यवस्थापन शाखामा कार्यरत सरसफाई कर्मचारीहरु मध्ये केहीलाई सरसफाई व्यवस्थापन शाखा अन्तर्गत रहने सरसफाई टिममा कार्यगर्ने गरी सेवालाई निरन्तरता दिने र अन्यलाई उहाँहरुको रोजाइलाई प्राथमिकता दिदै नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी पदमा स्थानान्तरण गरी कामकाजमा लगाउने निर्णय गरियो। साथै सरसफाई व्यवस्थापनमा प्रयोग भई रहेका यान्त्रिक साधनहरु(४ वटा कम्प्याक्टर र २ वटा पावर ट्रेलर) संस्थालाई नियमानुसार दररेट निर्धारण समितिले तोकेको भाडादर अनुसारको रकम संस्थाले उपमहानगरपालिकालाई बुझाउने गरी प्रयोग गर्न दिने निर्णय गरियो।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाबाट विभिन्न मितिमा नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का टेण्डर आव्हान भई ठेक्का नलागेका तपसिल बमोजिमका नदीघाटहरुमा रहेको नदिजन्य पदार्थको परिमाण वडा कार्यालयको निगरानीमा रहनेगरी नियमानुसारको राजश्व लिई उपभोक्ताबाट संचालन हुने योजना संचालनका लागि उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय गरियो।

**तपसिलः**

| **सि.नं.** | **खोलाको नाम** | **खोला घाट क्षेत्र** | **परिमाण (घन मिटर)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | हापुर खोला | तेघरा आसपास क्षेत्र | १०००० | |
| २ | | सेती दोभान झोलुङ्गेपुलदेखि माथिको क्षेत्र १ | ५०० | |
| २ | पत्रे खोला | पेरनी घाट | १६८० | |
| ४ | सेवार खोला | कविला रिसोटदेखि दक्षिणको भुभाग | ८४०० | |
| ५ | कटुवा खोला | ओखरा घाट | ५२० | |
| ६ | बालिम खोला | बालापुर जाने बाटोमा पर्ने झिङ्नी बाँधको उत्तर | ६००० | |
| ७ | | बालापुर जाने बाटोमा पर्ने झिङ्नी बाँधको दक्षिण | २८०० | |
| ८ | | निमुरिया जाने बाटोको तलको क्षेत्र | २४०० | |
| ९ | बबई नदी | डोलगाउँ घाट | ८००० | |
| १० | | लम्डरुवा घाट | ३५०० | |
| ११ | | राम घाट | २५०० | |
| १२ | | जजरागाउँ क्षेत्र | ४८५० | |
| १३ | | गोठलीगाउँ क्षेत्र | २३५० | |
| १४ | | सिसिपुर घुस्रा घाट | ९८० | |
| १५ | सेवार गुर्जे र जंगुवा खोला | शुक्रबार दुन्द्रा घाट क्षेत्र २ | ११४४ | |
| १६ | | सेवार गुर्जे दोभान | ६०० | |
| १७ | | सौडी घडेरीडाँडाको क्षेत्र | ९२५० | |

**निर्णय नं. ९**

नेपाल मगर संघको आयोजनामा घोराही उपमहानगरपालिका वडा नं. १४ झिगौरामा पर्यटन तथा साँस्कृतिक मेला यही २०८१ माघ ५ गतेदेखि ११ गतेसम्म मेला संचालनकालागि अनुमति दिएकोमा थप ५ दिन मेला अवधि थप गरिदिनुहुन भनि अनुरोध भई आएकोले माग भई आए बमोजिम थप ५ दिन मेला संचालन गर्न अनुमति दिने निर्णय गरियो।

## निर्णय नं. १०

**१०.१** घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/14/080/081 | वडा नं. ६ गुरुवागाउँ मोहन पुनको घरदेखि बिक्रम बुढाथोकीको घरसम्म पक्की कुलो निर्माण | साङ्ग्रिला कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. तुलसीपुर दाङ | २०८१।०२।२८ | २०८१।०७।२८ | २०८१।१०।२८ |

**१०.२** ठेक्का नं. NCB/WORKS/GSMC/14/079/080 वडा नं. १० नारायणपुर दुरसंचार टोलमा योगा सभाहल निर्माणका लागि मिति २०८०।०१।१७ गते पच्चकोशी कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता भई निर्माणाधीन भवनको Basement Floor सहित योगा हल बनाउने गरी लागत अनुमान तयार भएकोमा पूर्वतर्फ रहेको खेत, सोतामा वर्षातको समयमा अत्यधिक बाढी आउने र पानी सिपेज हुन सक्ने भएकाले Floor Height Level बढाउनुपर्ने भई केही Quantityमा फेरबदल गर्नुपर्ने भई भेरिएसन आदेश १ गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४को दफा ११८(५) बमोजिम गठित विशेषज्ञ समूहको सिफारिसमा बोलपत्रदाताले शुरुमा बोल कबोल गरेको रकममा नबढने गरी १९.२१ प्रतिशतले बढी रकम रु.१,१५,५२,३३२।१७ (भ्याट सहित) भेरिएसन आदेश नं. १(VO1) स्वीकृत गर्ने।

## निर्णय नं. ११

**११.१** नेपाल लोकतान्त्रिक थारु संघ जिल्ला कार्यसमिति दाङको आयोजनामा घोराही उपमहानगरपालिका वडा नं. ८ लरैनामा माघ मिलन तथा साँस्कृतिक कार्यक्रम मिति २०८१।०९।२७ गते आयोजना हुने कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएकोले उक्त कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.२०,०००।—(बिस हजार)सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सम्बन्धीत पार्टीलाई भुक्तानी दिने।

**११.२** प्रगतिशील लेखक संघ नेपाल दाङ शाखाले संस्थाको वार्षिक मुखपत्र 'बहिङ्गा' प्रकाशनका लागि आर्थिक सहयोग माग भई आएकोले प्रगतिशील लेखक संघ नेपाल दाङ शाखालाई मुखपत्र 'बहिङ्गा' प्रकाशनको विल भर्पाई अनुसार सहयोग स्वरुप रकम रु.३०,०००।—(तीस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**११.३** घोराही उपमहानगरपालिकाबाट ठेक्का टेण्डर मार्फत निर्माण भइरहेको खैरा कोठरी सडक पिच आयोजना अन्तर्गत तेघरा कोठरी सडक खण्डमा थप आ.सि.सि. वाल लगाउन आवश्यक नभएकोले उक्त वाल परिमाण बराबर घोराही उपमहानगरपालिकाको वडा नं. ९ मछाही थारुगाउँदेखि पूर्व सोतामा पक्की वाल निर्माण गर्ने निर्णय गरियो।

**११.४** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सामुदायिक विद्यालयबाट सहभागी हुने खेलाडीहरुको खर्च व्यवस्थापनका लागि सामाजिक विकास महाशाखाको सिफारिस अनुसार अधिकतम रकम रु.१,५०,०००।— (एक लाख पचास हजार)सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी व्यवस्थापन गर्ने।